वैदेशिक रोजगारमा जाने निर्णय गरिसक्नु भएको छ भने स्काफ फोल्डिङ, सटरिङ कार्पेन्ट्री, आक वेल्डिङ, क्लिनर, स्टिल फिक्चर, वेटर हाउस किपिङ, प्लम्बर, विल्डिङ इलेक्ट्रिसियन र सेक्युरिटी गार्डको तालिम निःशुल्क प्राप्त गर्न सक्नुहुनेछ ।

जिल्ला विकास समिति, कास्की
वैदेशिक रोजगारीका लागि सुरक्षित आप्रवासन 'सामी' परियोजना
सूचना तथा परामर्श केन्द्र, कास्की
फोन : ०६१-४६४५२५

राष्ट्रिय दैनिक

गोल्डेन न्यूज

Golden News National Daily

○वर्ष ८ ○अंक १८२ ○श्रेणी 'क' ○२०७२ चैत्र २८ गते आइतबार ○ 10 April 2016 ○पृष्ठ ४ ○मूल्य रू. ५/-

वरिष्ठ सेफ श्याम दाहालद्वारा संचालित
श्याम दाहाल क्याटरिङ सर्भिस
रानीपौवा, पोखरा-११
फोन:०६१-५२०४७२, ४८५६०३५४७२,४८१३७४४२७७
हाम्रा सेवाहरू : शुभ विवाह, व्रतबन्ध, अन्नप्राशन, जन्मोत्सव आदि पार्टीका लागि आउटडोर, इन्डोर, हाफ वा फुल क्याटरिङको उत्कृष्ट सेवाका साथै लाइट र जेनेरेटर चाहिएमा पनि हामीलाई सम्झनुहोस् ।

पर्यटनका लागि सकसपूर्ण वर्ष २०७२

सिबी अधिकारी
काठमाडौं २७ चैत्र ।

मुलुकको अर्थतन्त्रको मूल आधार मानिने पर्यटन क्षेत्र २०७२ का लागि सकसपूर्ण बन्यो । गत वैशाख १२ को 'गोरखा भूकम्प' र असोजमा संविधान जारी भएपछि भारतले गरेको अघोषित नाकाबन्दीका कारण मुलुकको पर्यटन क्षेत्र थला पऱ्यो । आर्थिक समृद्धिको हरिलो आधार पर्यटन क्षेत्रको दयनीय अवस्थाले समग्र व्यवसायी मात्र नभई देशलाई नै असर पुऱ्यो । सास्ंस्कि पर्यटन पर्वतारोहण र पदयात्रा पर्यटनका लागि उपयुक्त मौसम मानिने वसन्त ऋतुको आवागमनसँगै प्राकृतिक विपत्तिलगायतले पर्यटन उद्योगलाई नराम्रो धक्का लाग्यो ।

प्राकृतिक, सांस्कृतिक तथा भौगोलिक सम्पदाको अनुपम विविधताले भरिएर्पुण नेपाल पर्यटनका लागि विश्वमा अकर्षण मानिन्छ । सास्ंस्कि पर्यटन पर्वतारोहण र पदयात्रा तथा सांस्कृतिक सम्पदाको अवलोकन गर्न उल्लेख्य सङ्ख्यामा विदेशी पर्यटक नेपाल आउँछन् । भूकम्पले सर्वोच्च शिखर सगरमाथासहित सम्पूर्ण हिमालको आरोहण रोकियो भने, मनास्लु, अन्नपूर्णलगायतका पदमार्गहरु पनि अवरूद्ध हुन पुगे । पर्यटन क्षेत्रबाट सबैभन्दा बढी राजस्व उठ्ने पर्वतारोहण नै रोकिएपछि अन्य पर्यटकीय गतिविधि पनि कमजोर बन्दै गयो । पर्वतारोहण अवरूद्धले राज्यले करोडौं राजस्व गुमायो । भूकम्पको त्रास ताजै रहेका बेला संविधान निर्माणपति असहमति जनाउँदै भारतले गरेको अघोषित नाकाबन्दीले झनै पर्यटन क्षेत्र चौपट हुन पुग्यो । नाकाबन्दीले पर्यटन व्यवसायलाई मात्र नभई देशको समग्र अर्थतन्त्रलाई नै जाममा पाऱ्यो । त्यसो त, अघिल्लो वर्ष (२०७१) पनि सगरमाथाको आधार शिबिरमा आएको हिम पहिरो र 'हुदहुद' साम्प्रदिक अधिका कारण विश्व चर्चित पदमार्ग राउण्ड अन्नपूर्णमा भौतिक तथा मानवीय क्षति पुग्यो । जसका कारण मुलुकको पर्यटनले ठूलो क्षति बेहोर्नु पऱ्यो । ती दुवै घटनामा धेरै पर्यटक तथा पदयात्रीको मृत्यु भएको थियो । यद्यपि भूकम्प र नाकाबन्दीबाट थलिएको मुलुकको पर्यटनमा वर्षको उत्तरार्धमा सकारात्मक सङ्केत देखा परेको छ । पछिल्लो पटक वेलायती राजकुमार हेनरी चार्ल्स अल्बर्ट डेविड (ह्यारी) को नेपाल भ्रमणले पर्यटन प्रवर्द्धनमा टेवा पुगेको छ । भूकम्पपछि नेपालबारे विश्वभर फैलिएको भ्रम चिर्न ह्यारीको भ्रमणबाट सकारात्मक सन्देश प्रवाह भएको छ । पर्यटकको चहलपहल बाक्लिएको छ । उल्लेख्य सङ्ख्यामा विदेशी पर्यटक वंतिखेर नेपालका पर्यटकीय गन्तव्यमा छन् । ती गन्तव्यका होटलको अकुपेन्सी बढेको छ । सरकारले अघिल्लो वर्ष सगरमाथा लगायतका हिमाल आरोहणका लागि अनुमति लिइ आरोहण गर्न नयाँका आरोहीका लागि आगामी दुई वर्ष सम्म पुर्न आरोहण गर्न दिने निर्णयले पनि पर्यटनमा सकारात्मक प्रभाव परेको छ । अहिले ठूलो सङ्ख्यामा विभिन्न मुलुकका आरोहीहर नेपाल आउने क्रममा छन् ।

अर्कोतर्फ विश्वमै सबैभन्दा बडी पर्यटक पठाउने मुलुक चीनबाट पर्यटक आकर्षण गर्न सरकारले जनवरी १ देखि सुरु गरेको निःशुल्क प्रवेशाज्ञाको प्रावधानले पनि चिनियाँ पर्यटक बढाउन भूमिका खेलिरहेको छ । संयुक्त राष्ट्रसङ्घीय पर्यटन सङ्घका अनुसार एक करोड २० लाख चिनियाँ पर्यटक विश्वमा पुग्ने गरेका छन् । त्यसको केही प्रतिशत मात्र नेपाल भित्र्याउन सके नेपालको पर्यटनले उचाइ लिने निश्चित छ ।

त्यसैले भित्रराष्ट्र चीन, भारतलगायत अन्य मुलुबाट बढी पर्यटक आकर्षण गर्न सरकारले विशेष पर्यटकीय प्याकेज तथा पूर्वाधार विकासमा जोड दिन जरुरी छ । नेपाल पर्यटन बोर्डको विवरणअनुसार सन् २०१५ मा सात लाख ९७ हजार ५१६ र सन् २०१४ मा सात लाख ९० हजार ११८ पर्यटकले नेपाल भ्रमण गरेका थिए । अध्यागमन विभागको विवरणअनुसार सन् २०१५ मा अघिल्लो सन् २०१३ र २०१४ को तुलनामा २९.७ प्रतिशतले गिरावट आई जम्मा पाँच लाख ४४ हजार ७४७ विदेशी पर्यटकले नेपाल भ्रमया गरेका छन् । रासस

शेरबहादुरजीलाई सफल बनाउन चाहन्छु-पौडेल

गोल्डेन न्यूज संवाददाता
तनहूँ २७ चैत्र ।

कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले पार्टी सभापति शेरबहादुर देउवालाई आफूले सफल बनाउन चाहेको बताएका छन् । कांग्रेस २ नम्बर क्षेत्रीय समितिले शनिवार दमौलीमा गरेको विधान, नीति तथा कार्यक्रम सम्बन्धी जानकारी दिन आयोजित कार्यक्रममा बोल्दै पौडेलले आफूले पार्टी सभापति देउवाको नेतृत्वमा कांग्रेस सफल भएको हेर्न चाहेको बताए । उनले कांग्रेसलाई कमजोर बनाएर आफू बलियो हुने कहिल्यै नचाहेजेको उल्लेख गरे ।

'म शेरबहादुर देउवाजीलाई सफल बनाउन चाहन्छु,' उनले भने,-'कांग्रेसलाई कमजोर बनाएर म बलियो हुन चाहन्न । अब मुलुकमै नमुना कांग्रेस बनाउन अभियान थाल्ने छु ।' विचारको आधारमा समाज र मुलुकलाई बदल्नेतर्फ कांग्रेसले अभियान र जागरण थाल्न आवश्यक भएको उनले बताए ।

'हतियार चलाउने अप्रेसन होईन । चाईनिजहरुको अक्युपंचर विधिबाट गरिने उपचार अहिलेको समाजमा आवश्यक छ,' उनले भने, 'हतियारको वलले समाज सुधार्ने होईन विचारको आधारमा समाजलाई बदल्नु पर्छ भनेर वैचारिक अभियान बढाउन चाहेको छु ।' राजनितिलाई कसरी सम्मानित बनाउने भन्नेमा कांग्रेसको नेतृत्व केन्द्रित हुनु पर्नेमा उनले जोड दिए ।

मुलुकमा ठूलो सङ्कट आएका बेला सङ्घर्षतरमा काम गर्न नसक्दा वर्तमान सरकार असफल हुँदै गएको भनाइ कांग्रेसका वरिष्ठ नेता पौडेलको छ ।

भूकम्प गएको वर्ष दिन हुन लागी सक्दा समेत भूकम्प पीडितलाई राहतमा पाल बाहेक अन्य राहत दिन नसक्नु सरकारको कमजोरी भएको उनले बताए । आफूले पाल खरिदको सट्टा राज्यले राहतमा टहरो बनाउनु पर्छ भनेर सुझाव दिएपनि कसैले सुनुवाई नगरेको उनले बताए । 'अहिले आएर प्रधानमन्त्रीले समयमा नै घर बनाउन सकिदैन भनेका छन्,' उनले भने,-'योजना बनाएर घर बनाउन खटिएको भए उहिल्यै घर बनि सक्ने थियो ।' अहिले तालाचाँपी लिएर बसेकाले मधेसी मोर्चाको आन्दोलनलाई सम्बोधन गर्न नसकेको भन्दै पौडेलले कांग्रेसको नेतृत्वमा ती समस्या समाधान हुनुपर्ने बताए। उनले आफ्ना समकक्षी पार्टी सभापति शेरबहादुर देउवालाई सफल बनाउन चाहेको बताए । पार्टीलाई कम्जोर बनाएर म बलियो हुन चाहन्न पौडेलले भने । उनले कांग्रेसलाई अहिले सरकारमा पुग्ने कुनै हतार नभाएको बताए । कार्यकर्तालाई एकजुट भएर सङ्गठन विस्तारमा अगाडि बढ्न कांग्रेस नेता पौडेलले आग्रह गरे । तनहूँलाई नेपालमै नमुना जिल्ला बनाइने पौडेलले दावी गरे । उनले भने -"अबको चार/पाँच वर्षमा कृषि, पर्यटन र जलश्रोतको विस्तार गरी विकासमा कायापलट गरिन्छ ।"

नेपाली कांग्रेसका केन्द्रीय सदस्य प्रदीप पौडेल र गोविन्द भट्टराई, सांसद रामचन्द्र पोखेल, झुलबहादुर आले, पूर्व राज्यमन्त्री अमरराज कैनी, पार्टी सभापति वैकुण्ठ न्यौपाने, क्षेत्र नं २ का क्षेत्रीय सभापति राजेन्द्र श्रेष्ठलगायतले मुलुकभित्र देखिएका जल्बाबल्दा समस्या समाधानका लागि कांग्रेसको नेतृत्वले काम गर्नुपर्ने बताए ।

मुक्तककार रत्नशम्शेर थापा पुरस्कृत

गोल्डेन न्यूज संवाददाता
पोखरा २७ चैत्र ।

यस वर्षको राष्ट्रिय मुक्तक पुरस्कार-२०७२ बाट मुक्तककार रत्नशम्शेर थापा पुरस्कृत भएका छन् । साहित्यकार विष्णु अर्यविराम द्वारा स्थापित तथा मुक्तक मंच पोखराले हरेक वर्ष प्रदान गर्दै आईरहेको मुक्तक पुरस्कार यस वर्ष थापालाई प्रदान गरिएको हो । नेपाल संगीत तथा नाट्य पञ्जा प्रतिष्ठानका कुलपति साहित्यकार सरुभक्त कार्यक्रमका बीच थेलसल्ला, तामपत्र लगायत ११ हजार १ सय ११ रुपैया राशी सहित मुक्तककार रत्नशम्शेर थापालाई सम्मान गरेका हुन् । कार्यक्रमको मुख्य आकर्षकको रुपमा रहेका साहित्यकार थापाले मुक्तकको आविष्कार गरेका साहित्यकार भिम दर्शन रोक्कावाट प्रभावित भई मुक्तकको क्षेत्रमा प्रवेश गरेको भन्दै मुक्तकलाई जीवनको एक महत्वपूर्ण पाटो भएको बताए । थापाले प्रसिद्ध गायक गोपाल योञ्जनलाई एक पटक मुक्तकलाई हरफ थपि गीत बनाउं भन्दा थापाले ईन्कार गरेका थिए ।

साहित्यकार थापाले मुक्तक सरल र एक भिन्नै पहिचान बोकेको विधा भएकाले यसको स्वाद मिठो हुने बताउँदै आगामी दिनमा समेत श्रोताको मन छुने खालका मुक्तक कोर्न बाध्य हुनेछु, उनले भने । त्यस्तै बरिष्ठ साहित्यकार एवं संगीत नाट्य पतिष्ठानका कुलपति सरुभक्तले पुरस्कार छनौट समितिले यसबर्ष पुरस्कार दिनैपर्ने व्यक्तित्वलाई छानेकोमा आफू निकै खुशी भएको बताए । सरुभक्तले उक्त पुरस्कारको प्रकिया पारदर्शी समेत भएको भन्दै थापा मुक्तकको स्थानमा समेटिने इन्सातेजः समेत भएको स्पष्ट पारे । मुक्तक मंच पोखराकी अध्यक्ष सरला लामिछाने सरुको अध्यक्षतामा भएको एकल मुक्तक वाचनमा रत्नशम्शेर थापाले करिब ४ दर्शन वढी मुक्तक वाचन गरेका थिए । श्रोताको वान्स मोर अरोनमा हल गुञ्जिएको थियो ।

त्यस्तै मुक्तक मंच पोखराका सल्लाहकार कृष्ण देवकोटाले थापाको जीवनीमार्थि प्रकाश पारेका थिए । उपाध्यक्ष पवित्रा भण्डारी पारुले शुभकामना मन्तव्य राखेकी थिइन भने संचालन संचिव प्राञ्जलले गरेका थिए ।

स्वामीजी ब्युँझिए आश्चर्य-चिकित्सक

पोखरा २७ चैत्र ।(गोल्डेन)

भू-समाधिमा जानुअघि स्वामी कृष्णदासजीले आश्रममा नै पोखराका वरिष्ठ डाक्टरहरुलाई बोलाएका थिए । त्यो भन्दाअघि डाक्टरहरुले उनको स्वास्थ्य परीक्षणसमेत गरेका थिए । परीक्षणले उनको स्वास्थ्य सामान्य अवस्थामा रहेको देखिएको पश्चिमाञ्चल क्षेत्रीय अस्पताल पोखराका मेडिकल सुपरिटेण्डेण्ट डा. श्रीकृष्ण श्रेष्ठले बताए । समाधि आश्रममा नै भेला भएका पोखरा वरिष्ठ डाक्टररुरु डा. कालु शर्मा, डा.वृद्धिबहादुर श्रेष्ठ र डा. श्रीकृष्ण श्रेष्ठले अक्सिजन नै नभएको वाकसमा समाधिमा वस्नु आश्चर्य भएको बताए । अक्सिन विना ३ मिनेटमा नै मानिसको मृत्यु हुने चिकित्सा विज्ञानले प्रमाणित गरिसकेको भएपनि ९ दिनसम्म विना अक्सिजन समाधिमा बसेर

बाँकी ३ पृष्ठमा.....

अपाङ्गता भएका व्यक्तिलाई अपशब्द प्रयोग गर्ने, हेला, घृणाको दृष्टिले हेर्ने वा होच्याउने कार्य गर्नु गराउनु हुदैन ।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग

BABIN TAILORING
Shirting & Suiting
बबिन टेलरिङ मेँ किन ?
- तपाईले चाहेको कुनैपनि नुणलरीय ब्राण्डका कपडाहरुका लागि,
- तपाईले भनेको समयमा आकर्षक एवम् नुणलरीय सिलाईका लागि,
- आकर्षक तथा आधुनिक डिजाइनका लागि,
- आकर्षक कोटका लागि नुणलरीय फिटिङ मेशिन प्रयोग गरिने,
- महीको मात्रा, सहभाव र विश्वासको निरन्तरताको लागि,
- अर्डर बमोजिम अफिस, बैंक, कलेज, स्कुल र विद्यालयका सम्पूर्ण पोशाकका लागि ।
हुनी थापाले नयाँ बबिन टेलरिङ्ग सिलाई भिजुल-७...
बबिन टेलरिङ्ग सटिङ्ग एण्ड सुटिङ्ग
हाकाकोट, काठे
मुख्य, पोखरा (नारायणी हेरी)
फोन: ०६१-३२०००७ फोन: ०६१-३२०००७
DIGJAM Ashwin OCM Bubbi

सुन्दर हेयर एण्ड ब्युटी
हामीकहाँ लेडिज एण्ड जेन्सको लागि Hair Cutting, Hair Colour, Skin Treatment, Hair Treatment, Head Massage, Hair Straight, Hair Curly, Hair Extension मसुंका साथै ब्राण्डेड प्रोडक्टहरुद्वारा फेशियल गरिन्छ । साथै मेनी केयर, पेडी केयर पनि गरिन्छ । प्रत्येक बुधबिशा १५ प्रतिशत छुटको व्यवस्था समेत गरिएको छ ।
सम्पर्क: ४८४६८५४३३०
पोखरा ट्रेड मल, चिप्लेढुङ्गा
(First Floor X2)

STUDY, WORK & LIVE IN
MALTA
Intake Apr./May 2016
Aug./Sept. 2016
- European Union Member/Schengen Territory.
- Work: 20 hours per week.
- Affordable Tuition fee.
- Low entry requirements.
- High Visa Success Rate.
- Hassle Visa Documentation.
Min Req.: SLC, +2 or eqvl.
IELTS: Optional Levels: 3, 4, 5, 6, 7
Hurry Up !
Limited Seats for Nepali Students
ROYAL INTERNATIONAL EDUCATION
Chipledhunga
2nd Floor, Batas Malla Complex, 061-551041
Ranipauwa
H#50, Infront of NTC, 061-533386
www.royalien.com
Email: info@royalien.com | Web www.royalien.com

■ गोरखालीहरू साना कदका हुन्छन् तर उनीहरूमा उदम्य साहस हुन्छ ।
- लर्ड नेपियर

सम्पादकीय ...

देउवाले भुल्न नहुने कुरा

कांग्रेसमा एक महिना भित्र शेरबहादुर देउवाले दुई पटक विजय पाएका छन् । पार्टी सभापतिको निर्वाचन जितेको एक महिना नबित्दै संसदीय दलको नेता पनि जिते । त्यो पनि हारेका व्यक्ति एउटै हुन, बरिष्ठ नेता रामचन्द्र पौडेल । अर्थात् उनले आफ्नै समकक्षीलाई दुवै स्थानमा हराएर ठूलो पार्टीको शक्तिशाली पदहरु ओगट्न सफल भएका छन् । देशकै ठूलो पार्टी भएपनि प्रतिपक्षमा बसेको समयमा उनले पाएको दुइबटै पदले निकै ठूलो अर्थ राखेको छ । अर्थात सशक्त प्रतिपक्ष जुन सधै सरकारको विकल्पको रुपमा रहेको हुन्छ । देउवा पनि अबको प्रधानमन्त्रीको निर्विकल्प व्यक्ति भए । तर इतिहासलाई हेर्दा देउवा सत्तामा जान हतारिने, जस्तोसुकै निर्णयमा पनि पुग्न सक्ने व्यक्तिको रुपमा चिनिएका छन् । यो समय उनको कंधमा फेरी अर्को जिम्मेवारी आएको छ की उनले हिजोका जस्ता हतारमा निर्णय नलिई धैर्यता देखाउनेछन् । किनकी सरकार ढाल्ने वा सत्तामा जान जस्तोसुकै निर्णय गर्न वालेभने उनलाइ पार्टी पंक्ति र जनताले पत्याएको फेरी विश्वासघात हुनेछ । त्यसोत उनी फेरी सत्तामा जान हुँदैन भन्ने होइन, तर उनले गर्ने हतारका निर्णयले देशलाइ नै असफलतामा लैजान भने सक्छ । उता एक व्यक्ति एक पद भनेर उनैले तत्कालिन सभापति गिरीजाप्रसाद कोइरालासँग पैठेजोरी खेल्ने गरेका थिए । तर अहिले आएर उनैले फेरी पार्टी सभापति र दलको नेता एउटै नभए दुई शक्तिकेन्द्र बनेर पार्टी संचालनमा कठिनाई हुन्छ भनेर भन्न थालेका छन् । उनले द'वै शक्ति आफ्नै हातमा ल्याएर पनि छाडे । यसले हिजोको आफ्नै लडाइको एजेण्डा पछाडि परेको अन'भव कार्यकताले गर्न थालेका छन् । हारेका रामचन्द्रले धैर्यता लिएर सहयोग गर्ने प्रतिबद्धता जनाएका छन् । तर देउवाले दुवै पदमा बसेर मनोमानी गर्ने, शान्ति प्रकृयामा महत्वपूर्ण भूमिका खेलेका पौडेललाई बेवास्ता गर्ने होभने उनमा पनि राजनीतिक वितृष्णा आउन सक्छ । जुनसुकै पार्टीमा पनि सबैको सम्मान हुने वातावरण बनेमा मात्र राष्ट्रिय राजनीतिमा सुधार आउन सक्छ । तसर्थ देउवाको कंधमा अब देश, पार्टी र समकक्षीलाई पनि मिलाउने जिम्मेवारी आएको छ । देउवाका पूर्व कार्यकालमा देशमा धेरै मन्त्री बनेको इतिहास छ । त्यसोत वर्तमान सरकार र बाबुराम भट्टराई सरकारले उनको त्यो जम्मो मन्त्रीमण्डललाई माथ गरिसकेको छ । यद्यपी उनकै कालमा सत्तामा पुगेका केही मन्त्रीहरु भ्रष्टाचारीपनि ठहर भएका थिए । हिजोकै बिरासत बोकेका व्यक्तिलाई फेरी उनले पदाधिकारी र संभावित सरकारको मन्त्री बनाउने चाहना दोहोऱ्याए भने उनको दुवै पद दुर्गन्धित हुनेछ । तर नयाँ शैलीमा अगाडि बढ्ने साहस गरेर पार्टी भित्र र सबै दलसँग मिलेर जाने सिद्धान्त अपनाए भने चाँही देउवा सफल मानिनेछन् । जसरी निर्वाचन जितेर निस्केने वित्तिकै उनले सबैलाई मिलाएर लैजाने भनेका छन्, उनले भोलिका दिनमा व्यवहारमा पनि त्यस्तै देखाउँदै जाउन् र देशको राजनीतिको स'धारमा पनि उनले महत्वपूर्ण काम गरेर देखाउन देउवालाई शुभकामना !

आजको पञ्चाङ्ग

मिति २०७२ साल चैत्र २८ गते आइतबार, तदनुसार अग्निम १० सन् २०१६, श्रीशार्के १९३७, नेपाल संवत् ११३६, सौम्यनामकः संवत्सरः, सूर्य पृथ्वीको उत्तरी गोलार्द्धमा प्रवेश गरिसकेका छन् । वसन्त ऋतु चलिरहेको छ । चान्द्रमान अनुसार वैशाक्लपक्ष चलिरहेको छ । सौरमान अनुसार आज वैशाक्लपक्षको तृतीया तिथि १६ घटि ५२ पला अर्थात दिनमा १२ बजेर ३३ मिनेटसम्म त्यसउप्रान्त चतुर्थी तिथि लागनेछ । आज सूर्य मीन राशिमा,चन्द्रमा मेष राशिमा अहोराव रहनेछ । आज दिनमान ३१ घटि ३० पलाको रहनेछ । आज सर्योदय नेपालको काठमाडौं केन्द्रबिन्दुमा रहि बिहान ठीक ५ बजेर ४९ मिनेटमा रौद्र मूर्तमा हुनेछ भने सूर्यास्त साझ ६ बजेर २४ मिनेटमा हुनेछ।

आजको राशिफल

मेष : आरोग्यता, प्रशन्नता, आर्थिक पक्ष सबल रहने, मिष्ठान्न भोजन प्राप्ति, नवीन कार्यको थालनी गर्दा राम्रो हुनेछ ।

वृष : परिवारसँग विवाद पर्नेछ, व्यापारीक क्षेत्रमा मन्दी आउनाले नोक्सान बढ्न जानेछ, समय खराब छ ।

मिथुन : आम्दानी बढ्ने, शत्रुमाथि विजयी हुने, अधुरा कार्य आज पूरा, पुराना मित्रसंग भेटघाटको अवसर मिल्नेछ ।

कर्कट : एकासी अँघारा खरायी आउन सक्ने, धनमाल चोरी हुन सक्नेछ, आफूले गरेको कार्यमा विरोधी बढ्नेछन् ।

सिंह : स्वास्थ्य राम्रो रहनेछ, आदर सत्कार पाइने कार्यमा सरिक हुन पाइने, पारिवारिक सहयोग पाइने, प्रेम प्रसंग समधुर ।

कन्या : गरेको सबै कार्यमा बाधा हुने, मानसिक अशान्ति, यात्रामा कठिनाई हुने, चिन्तापर्ने समाचार प्राप्त हुनेछ ।

तुला : ठाडावाट धन प्राप्ति हुन सक्नेछ, नयाँठाउँको भ्रमण गर्दा मनमा आनन्द, राजनीतिक सक्रियता बढ्नेछ ।

वृश्चिक : एकासी नयाँ वस्तु फेला पर्ने, उत्कृष्ट सरकारी सम्मान पाउन सकिने, शैक्षिक क्षेत्रबाट उत्कृष्ट नतिजा हांसील ।

धनु : साथी संगीहरुसंग कलह, पेट वा कम्मरको रोग लाग्ने, मनपरेको खानामा अवरोध आउनेछ, दिन खराब छ ।

मकर : गरेका कार्य अधुरा हुनेछन्, यात्रा तथा कार्यमा बाधा, आफ्नो बारेमा आफन्तलेनै कुरा काट्ने छन् ।

कुम्भ : विद्यामा प्रगति हुनेछ, प्रेम प्रसङ्ग सफल रहनेछ, यात्रा फलदायी, आर्थिक बृद्धि हुन सक्ने, दिन शुभ छ ।

मीन : आफन्तको टकरावले दिनभर तनाव, पेशाप्राप्ति असन्तुष्टि, आम्दानीमा गिरावट, अनावश्यक झमेला थपिनेछ ।

राशिफल लेखक : युवा ज्योतिषी हरि पन्त, मो.९८४६१४७३६९

देउवा र ओलीका आ-आफ्नै दाउ

✍मातृका पौडेल

नेपालको सार्वभौमिकतामाथि नै बहस हुनुपर्ने भारतीय राजदूत रणजित रोयको आपत्तिजनक वक्तव्य, उसैल्मसा भारतबाटको लविडपोंढ जारी भएको नेपालको आन्तरिक मामिलामा दख्खल दिने विवादस्पद वक्तव्य र मधेसमा इन्द्र चक्रोउने योजनाबद्ध पड्यन्त्रको पुलिन्दाका रुपमा आएको इन्टरनेशनल क्राइसिस ग्रुप (आईसिजी) को कथित रिपोर्ट एकैपटक बाहिर ल्याइनु सामान्य संयोगमात्र मान्न सकिन्ल । नेपाल विरुद्धको गम्भीर षडयन्त्र विभिन्न अन्तर्राष्ट्रिय मञ्चहरुमा भइरहेका छन् र यस कृत्यको खलनायकका रुपमा हाम्रै छिमेकी भारतले भूमिका खेलिरहेको तथ्य अब कुटनीतिक औपचारिकताको टालोले ढाकेर पनि ढाकिने अवस्था छैन ।

भारतको, बीजेपीकी र त्यसमा पनि नरेन्द्र मोदी समूह नेतृत्वको सत्तापक्ष पक्ष नेपालविरुद्ध मेटिएसम्मका अन्तर्राष्ट्रिय मञ्चहरुको दुरुपयोग गर्ने र नेपाल विरुद्ध गुटबन्दी गर्ने अत्यन्तै आपत्तिजनक हर्कतमा उत्रिएको छ । नेपालको स्वतन्त्र अस्थित्व माथि नै चुनौति दिने दंगले भइरहेका हर्कतहरुको सरकारले जसरी प्रतिवाद गरिरहेको छ, यस सन्दर्भमा प्रमुख विपक्षमा रहेको देशको सबैभन्दा ठूलो पार्टी नेपाली कांग्रेसको रहस्यमय मौनता निकै अर्थपूर्ण छ । सँविधान जारी गर्ने कार्यको नेतृत्व गरेको दल नेपाली कांग्रेस आफ्नै नेतृत्वमा जारी भएको संविधानलाई बाह्य स्वार्थहरुले चुनौति दिइरहँदा त्यसको प्रतिरक्षामा उत्रिन् सयोगमात्र हो वा नियोजित ? यो प्रश्न सामान्य मान्छेहरुले उठाइसकेका छन् ।

तेहाँ महाधिवेशनबाट निर्वाचित सभापति शेरबहादुर देउवा हाली संसदीय दलको नेतामा समेत दोब्बर मतान्तरका साथ विजयी भइकेका छन् । मुलुकको सार्वभौमिकता, स्वतन्त्रता र जनता आफैले बनाएको संविधानविरुद्ध भएका पड्यन्त्रहरु को प्रतिवादमा देउवा कसरी अघि बढ्छन् ? अब सबैको नजर उनीतिर छ । भारतीय संस्थापन पक्षको लविडमा भइरहेका नेपाल विरोधी क्रियाकलापप्रति कांग्रेसको मौनतालाई सत्ता परिवर्तनको संकेतका रुपमा समेत कतिपयले अर्थ्याउन थालेका छन् । राष्ट्रिय स्वाधीनता, सार्वभौमिकता र जनताको संविधानको रक्षार्थ प्रधानमन्त्री केपी शर्मा ओलीको पोपोफ्रिम अभिव्यक्ति र विपक्षी कांग्रेसको रहस्यमय मौनताले सरकार परिवर्तनको रिहर्सलको संकेत गरेको छ । तर, देउवा आफैले भने सभापति निर्वाचित भएलगत्तै बालुवटार पुगेरै आफू सरकार परिवर्तनको खेलमा नलाग्ने विश्वास ओलीलाई दिलाएको उच्च स्रोतहरु बताउँछन् । सरकार परिवर्तनमा जारिया पार्टीमा बन्लतन्त्र कायम भएको आफ्नो पक्ष छिन्नभिन्न हुने डर देउवामा छ । यर्थाप विमलेन्द्र निधी, बालकृष्ण खाँडाजस्ता देउवाका पिलरहरु ओली नेतृत्वको सरकारलाई काम गर्न दिने पक्षमा छैनन् ।

केही दिनअघि एकजना विश्लेषकले ट्वीट गरे-भारतले खुलेआम नेपाल विरुद्ध गतिविधि सञ्चालन गर्न कांग्रेसको मौन समर्थन र प्रधानमन्त्री केपी ओलीको उत्तेजक प्रतिवादले सरकार फेरबदलको संकेत देखियो । राष्ट्रवादको आडमा प्रधानमन्त्री बनेका ओली राष्ट्रवादी भएरै बाहिरने संकेत । उनको यो ट्वीट निजी विचार हो । तर, कांग्रेसले राष्ट्रिय स्वाधीनता, स्वतन्त्रता र हाम्रो विरुद्ध भारतको संस्थापन पक्षले गरेको आपत्तिजनक लविडप्रति आफ्नो धारणा सार्वजनिक गर्न ढिलामुस्री गर्दा धेरै आशंकाहरु अनुत्तरित हुनेछन् ।

सबैले बुझेको कुरा के हो भने एक थान कुर्सीका लागि शेरबहादुर देउवा वा कांग्रेस नेतृत्वले सार्वभौमसत्ता र सविधानको अपमान सहने छैनन् । प्रधानमन्त्री निर्वाचनमा सुशील कोइरालालाई घेराबन्दीमा पारेर उम्मेदार उठाएपछि खस्केको कांग्रेसकी प्रतिष्ठालाई शेरबहादुर देउवाले माथि उठाउनका लागि आधारभूत विषयमा बोल्ड निर्णय गर्नैपछ ।

बसेल्म विज्ञप्तिवारे पृष्ट हुन उनलाई कांग्रेसकै केन्द्रीय सदस्यहरुले लिखित आग्रह गरिसकेका छन् । प्राविधिक कारणले कांग्रेस अहिले सत्ता बाहिर रहे पनि सँविधानसभाको ९५ प्रतिशत मतबाट पारित भएको सँविधानको कार्यन्वयन गर्ने र रक्षा गर्ने मुख्य जिम्मेवारीबाट ऊ वाहिरिन सक्दैन ।

जसरी रातारात भारतीय राजदूत र भारतीय खुफिया एजेन्सी 'रअ'का प्रमुखको दवाबमा सुशील कोइरालालाई घेराबन्दीमा पारेर प्रधानमन्त्रीको उम्मेदवार बनाइएको थियो, त्यो अवस्थामा मधेसी मोर्चालाई कोइरालाको पक्षमा मतदान गर्न लगाइयो, यी सबै घटनाक्रमका साक्षी देउवा आफै हुन् । नेपाल विरुद्धको त्यो खेलामा अपराधको प्रतिवाद गर्न नसकेको भन्दै तत्कालीन कांग्रेस सहमहामन्त्री पूर्णबहादुर खड्काले राजिनामा दिएको प्रसंग सम्भवतः नेपाली स्वाधीनताको लडाइको इतिहासले कहिल्यै बिर्सने छैन । त्योबेला कांग्रेसको चारतारे झण्डामाथि लागेको कालो धब्बा मेटाउने बेलामा कांग्रेस पुनः प्रधानमन्त्रीको कुर्सी ताकेर अहिलेका नेपाल विरोधी गतिविधिप्रति मौन बस्छ भने रामराम भन्नमात्र सकिन्छ ।

यसबीचमा बसेल्म वक्तव्यप्रति नेपाल सरकारले औपचारिकरुपमा आपत्ति दर्ज गरिसकेको छ । सत्ता बाहिर रहेका मधेसवादी दलहरुले भारतको लविडबाट आएको विज्ञप्तिलाई स्वागत गरेका छन् भने जनताबाट निर्वाचित भएका अधिकांश दलहरुले आन्तरिक मामिलामाथिको अनावश्यक हस्तक्षेप भन्दै विरोध प्रकट गरिसकेका छन् । तर, कांग्रेस बोलेको छैन । केही नेताहरुले यसबारेमा पार्टी नेतृत्वको धारणा मागेका छन् । संसदको सबैभन्दा ठूलो दल हुनुको नातोले कांग्रेस आफ्नै नेतृत्वमा सरकार बनाउने कसरतमा लाग्नु अनौठो हुन् । कसैको बहुमत नभएको संसदीय प्रणालीमा उसले आवश्यक बहुमत पुर्‍याउँछ, उसैले सरकारको नेतृत्व गर्ने हो । एमाओवादी र राप्रपा नेपालले गडबड नगरेसम्म ओली नेतृत्वको सरकार ढाल्न कांग्रेसलाई सहज छैन ।

जुन आधार र पृष्ठभूमिमा ओलीलाई प्रचण्ड र कमल थापाले प्रधानमन्त्री बनाउने अवस्था सिर्जना भएको थियो, त्यो अवस्थामा फेरबदल आइसकेको देखिन्न । बरु उनीहरुबीच भारतको नेपाल विरुद्धको खुलेआम गुटबन्दीले थप एकता बनाइदिएको छ । प्रचण्डको भारत भ्रमण अनिश्चित हुनुले पनि केही फरक संकेत गरेका छन् ।

शेरबहादुर देउवाका केही बाध्यता सबैले बुझेको हुनुपर्छ :

सँविधान जारी हुनुपूर्व देउवा र एमाओवादी अध्यक्ष प्रचण्ड दिल्ली गएका थिए । त्यसबेला उनीहरुसँगै एमाले अध्यक्ष केपी ओलीलाई पनि दिल्लीले निम्ता दिएको थियो । तर, ओली सँविधान जारी नभई दिल्ली नजाने अडानमा बसे । देउवालाई भारतीय संस्थापन पक्षले सँविधानमा हिन्दूत्वको एजेण्डा राम्रोसँग सुझाएर पठाएको थियो । प्रचण्डले आफ्नो पार्टी धर्मनिरपेक्षताको जन्मदाता भएकाले सिधै समर्थन गर्न नसक्ने जनाउ भारतीय प्रधानमन्त्री मोदी र विदेशमन्त्री सुष्मा स्वराज लगायतलाई दिएका थिए । देउवा र प्रचण्डको भ्रमणपछि सँविधानमा धर्म निरपेक्षताको साटो धार्मिक स्वतन्त्रता भन्ने शब्द राखेर भारतको माग सम्बोधन गर्ने प्रयास नभएको होइन ।

यद्यपि धर्म निरपेक्षता भन्ने शब्द हटाउने कुराको अगुवाइ गर्न प्रमुख तीनमध्ये कुनै दल औपचारिक रुपमा अग्रसर भएनन्, बरु सँविधानमै प्रष्टीकरण लेखेर चित्त बुझाउन खोजियो । त्यही बिन्दूबाट रिसाएको अति हिन्दूवादी बीजेपी नेतृत्वको सरकारले नेपाललाई अठेरो पार्न के-के गरयो भन्ने प्रष्टै छ । रोचक संयोग त के देखियो भने नेपालको सँविधानले हिन्दू राज्य संरक्षण नगरेको भनेर रिसाएको भारत र नेपालको सँविधानले धर्म निरपेक्षता कटीती गरेर धर्म परिवर्तनको अधिकारलाई मौलिक हकमा राखिएन भनेर असन्तुष्ट बनेको युरोपेली युनियन नाटकीयरुपमा एकजस्ता देखिए । यर्थाप युरोपेली युनियनले त्यसमा आफ्नो प्रष्टिकरण फरक ढंगले दिएको छ । भारतको असहमति, विरोध, असहयोग र असहिष्णु कुटनीतिक अवरोधका बीच ओली नेपालको प्रधानमन्त्री बनेका हुन् । वास्तवमा नेपालमा भारतको स्वार्थ र चाहना विपरीत बनेका प्रधानमन्त्री ओलीले आफ्नाथिप विगतमा लाग्ने गरेको भारतपरस्त नेताको छ्विलाई पखालिनसकेका छन् । जिते नेपाल, हारे एक थान कुर्सी भन्ने अवस्थामा ओली छैनन् ।

किनकि उनले नेपालको स्वाधीनतालको पक्षमा भारतको परम्परागत हेपाहा पृर्वाग्रहलाई प्रधानमन्त्रीको कुर्सीमा बसेर जसरी खुलेआम चुनौति दिइरहेका छन्, त्यसले उनी कुनै पनि बेला सरकार छाडुनुपर्छ भन्नेमा मानसिक रुपमा तयार देखिन्छन् । देउवा पनि अहिले भारतको साथ समर्थनमा ओलीलाई सत्ता बाहिर पुर्‍याउंदा एक थान कुर्सी त हात पर्ला, तर आउँदो चुनावमा एमालेले लपेटिद्ध भन्ने हिसाब-किताब गरेरै बसेका छन् ।

प्रधानमन्त्रीको कुर्सीमा बसेर ओलीले भारतलाई लल्कार गरेकोमा विभिन्न टिप्पणीहरु भइरहेका छन् । तर, ओलीका लागि यो बाध्यताको उपज हो । ओली जति दिन कुर्सीमा बस्छन्, अब उनले भारतीय सत्ताका अनुचित दवाबहरु सकीनसकी बस्ने भन्ने घटनाकमले पुष्टि गरेका छन् । पार्टी सञ्चालनमा तीब्र असन्तुष्टि जनाइरहेको माधव नेपाल पक्षले समेत पोलिटब्यूरो बैठकमा 'राष्ट्रियता र स्वाधीनताको पक्षमा लिएको बलियो अडान' का लागि र चीनसँग गरेको साहसिक सम्झौताका लागि ओलीलाई लालसलाम गरिसकेको छ ।

चीनसँगको व्यापार तथा पारवाहन सम्झौताले अब नेपालको भारत वेष्टित अवस्थाको अन्त गरेको छ । अहिले मबर्ई चीनको बाटो हुँदै तेसो मुलुकबाट इन्धन आपूर्ति नभए पनि आवश्यक पूधीधार निर्माण र गुहकार्यपछि यो चाँडै सम्भव हुनेछ । यस अर्थमा नेपालको भारत निर्भरतालाई अन्त गरेर साँच्चिकै स्वतन्त्र मुलकका रुपमा नेपालको भविष्य कोर्न कामको श्रेय ओलीले पाएका छन् । अब यसको व्यवहारिक कार्यन्वयन मा कसरी नेपाल अघि बढ्छ भन्ने कुरा महत्वपूर्ण हो । नेपालमा जनताका प्रतिनिधिहरु मार्फत बनेको सँविधान कार्यन्वयन हुन नदिने, हिन्दूत्व वा क्रिश्चियानिटी जस्ता अतिवादी स्वार्थहरुको खेलबैठान बनाउने र इतिहासदेखि नै जोगिएको सार्वभौमसत्तालाई चुनौति दिने गरी विभिन्न पाप र पूर्वाग्रह खडा गरिँदैछन् । नेपाल विरुद्धको षडयन्त्र विरुद्ध कांग्रेस, एमाले, एमाओवादी सहित जनताबाट अनुमोदित भएका दलहरु एकजुट हुनुको विकल्प छैन ।

प्रधानमन्त्रीको कुर्सीमा पुग्न भारतको आशिर्वाद नभई हुँदैन भन्ने मान्यता ओली प्रकरणबाट खण्डित भइसकेको छ, जुन कुरा देउवाले राष्ट्रको साथ कुर्सीका छन् । अमेरिकाको नाकै मुनि रहेका क्युबा र भेनेजुयला जस्ता देशका नेताले जनताको समर्थनमा आफ्नो स्वाधीनताको लडाइ जितेका छन् भने नेपालले झुकुनुपर्ने अवस्था किमार्थ छैन । सिंहदरबारमा फेरी ओलीको फोटो झुण्डिइसकेको छ । भारत रिसाउँछ भनेर अहिलेसम्म कसैले नगरेका केही महत्वपूर्ण सम्झौताहरु ओलीले चीनसँग गरिसकेका छन् । नेपालको आन्तरिक मामिलामा हस्तक्षेप नगर्न ओली आफैले पटक-पटक भारतलाई चेतावनी दिइसकेका छन् । राष्ट्रिय हितको सबालमा उनले लिएको अडानलाई नेपाली जनताले साथ दिएकै कारण उनी निडरताका साथ प्रस्तुत हुँदैछन् ।

उनले डराउने भनेको प्रमुख प्रतिपक्ष कांग्रेस कती सरकार परिवर्तनको लोभमा परेर भारतीय चलखेलको लपेटामा पर्ने हो कि भन्नेमात्र हो । मुलुकको जेठो प्रजातान्त्रिक पार्टीको सभापति शेरबहादुर देउवा जो नेपालका जीवित पूर्वप्रधानमन्त्रीहरु मध्ये सम्भवतः सबैभन्दा बढी प्रधानमन्त्री भइसकेका अनुभवी नेता हुन्, उनले सत्ताका लागि सार्वभौमसत्ताको मामिलामा आत्मसमर्पण अवश्य गर्ने छैनन् ।

ओलीलाई सरकारबाट हटाउन देउवासँग अरु धेरै अस्त्र छन्, जुन अस्त्र प्रहार गर्न उपयुक्त मौका पर्खिरहेका छन् । भारतले नरुचाएका प्रधानमन्त्री ओलीको विकल्पमा भारतले रुचाएका व्यक्ति प्रधानमन्त्री बनेर आउने वातावरण बन्यो भने त्यसको सबैभन्दा फाइदा ओलीलाई नै हुनेछ । उनले गर्वका साथ भन्नेछन्-एक थान कुर्सीका लागि स्वाधीनताको लडाइमा सम्झौता गर्न सकिने त्यसैले जनताको बीचमा आएको छु । उनलाई त्यो मौका शेरबहादुर देउवाले देलान् ? तत्कालका लागि यो पेचिलो प्रश्न हो ।

स्रोत :अनलाइनखबर

अनेरास्ववियु भर्ना सँगै कपी कलम अभियानमा

✍गोल्डेन न्यूज संवाददाता
पोखरा २७ चैत्र ।

शैक्षिक शत्र २०७२ आम नेपाली जनताको चाहना अनुरुप सुखद रहन सकेन । केही आशा सहित सुरुवात भएको शैक्षिक सत्र वर्ष २०७३ मा सबै सीमान्तकृत, पिछाडिएका बालबालिकालाइ शिक्षाको अवसर प्रदान गर्ने हेतुका साथ अनेरास्ववियु कास्कीले कपी कलम अभियान संचालन गर्ने भएको छ । अनेरास्ववियु संगठन विभाग कास्कीका प्रमुख एवम जिल्ला कमिटी उपाध्यक्ष लक्ष्मण तिमिल्सिनाको संयोजकत्वमा संचालित अभियान १ महिना सम्म चल्ने छ । अभियान अन्तर्गत विद्यालय जान बाट बञ्चित बालबालिकालाइ विद्यालय भर्ना एवम कपि कलम वितरण गरिने छ । कपि कलम नपाएर विद्यालय जानबाट बञ्चित बालबालिका लाई विद्यालय पुर्ने अवसर प्रदान गर्न अनेरास्ववियुले कपि कलम अभियान संचालन गर्न लागेको अनेरास्ववियु केन्द्रिय सदस्य आर्शिवाद सुवेदीले जानकारी दिएका छन् ।

यस्तै अनेरास्ववियु कास्कीले विद्यालय संचालक हरुलाइ समेत चन्दाको साटो गरिब जेहन्दार छात्रवृत्ति खुल्ला प्रतिस्पर्धाबाट प्रदान गर्दै बालबालिकालाई शिक्षाको अवसर प्रदान गरी दिनका लागि आग्रह गरेको छ । कपि कलम अभियान अन्तर्गत अभियानमा हातेमाली गर्न चाहने सहयोगहरुको हस्लाई कपी कलम सहयोग गरिदिन आग्रह गरेको छ । अनेरास्ववियु कास्कीले यस अभियानका लागि आर्थिक सहयोग भने नलिने जनाएको छ ।

शिक्षामा सबैको पहुच पुऱ्याउनका साथै शिक्षामा निरन्तरताका लागि अभियान संचाल गर्नु परेको अनेरास्ववियु केन्द्रिय अनुशासन आयोगका सदस्य अर्जुन अधिकारीले बताएका छन ।

नेविसंघ कास्कीको विविध निर्णय

✍गोल्डेन न्यूज संवाददाता
पोखरा २७ चैत्र ।

नेपाल विद्यार्थी संघ कास्कीले नयाँ वर्षको शुभकामना आदान-प्रदान सहित विभिन्न कार्यक्रमको तयारी गरिएको उल्लेख गरेको छ । नेपाल विद्यार्थी संघका संयोजक शुभास कोइरालाको अध्यक्षतामा बसेको बैठकले नेविसघको स्थापना दिवसको अवसरमा ब्यालेण्डर विमोचन, स्वविय निर्वाचनमा संयोजक खटाईएको निर्णय गरिएको संघका सचिव विकम आदित्य सिंह गिरीले जानकारी दिएका छन् । स्वविय निर्वाचनको पूर्व सन्ध्यामा पृथ्वीनारायण क्याम्पसमा संयोजक शुभाष कोइराला, वन विज्ञान क्याम्पस संयोजकमा कल्याणबाबु भण्डारी, जनपिय बहुमुखी क्याम्पसमा संघका उपाध्यक्ष विकास थापा, अन्जन थापा पश्चिमाञ्चल ईन्जिनियरिङ क्याम्पको संयोजकमा निर्णय भएको नेवि संघ कास्कीले जनाएको छ ।

संघले सस्कृत विद्यापीठमा तारा तिमिल्सिना, पर्वत भण्डारी नसिङ क्याम्पस, किसान गुरुङलाई पोखरा विश्वविद्यालयमा प्रतिनिधि खटाईएको नेपाल विद्यार्थी संघका प्रवक्ता सोमनाथ बराल (विशाल)ले जानकारी दिए । बैठकले माउ गुरुङ, बीरन्द्र थापा, नवराज पौडेल, ओम गुरुङ र दुर्गा सम्मालाई कार्य समिति सदस्यमा चयन गरिएको सचिव विकमआदित्य गिरीले जानकारी दिए ।

मोहरिया-सिंहनाथ टोलको साधारणसभा

✍गोल्डेन न्यूज संवाददाता
पोखरा २७ चैत्र ।

पोखरा-१ मा रहेको मोहरिया-सिंहनाथ टोल विकास संस्थाको तेस्रो साधारणसभा सम्पन्न भयो । कार्यक्रमको उद्घाटन जनजाति समन्वय समिति कास्कीका उपाध्यक्ष मोतीमान शाक्यले गरेका थिए ।

त्यस अवसरमा बोन्दै उनले सामाजिक कार्यमा टोल विकास संस्थाले उल्लेखनीय काम गरेको भन्दै टोलको विकासमा जनजाति समन्वय समितिको तर्फबाट सब्दो सहयोग गर्ने प्रतिबद्धता जनाए । संस्थाका अध्यक्ष दुर्गामान बुढाचार्यको अध्यक्षतामा भएको कार्यक्रममा सल्लाहकार जवाहरलाल श्रेष्ठ, टोल विकास समन्वय समिति वडा नं. १ का अध्यक्ष चन्द्रबहादुर गुरुङ, सदस्य इन्दिरा लम्साल, सचिव विमल श्रेष्ठ, कोषाध्यक्ष राजेन्द्र बहादुर प्रधान लगायतले आ-आफ्नो भनाइ राखेका थिए । उक्त अवसरमा सिंहनाथ टोलदेखि हाम्रो संगम पार्कसम्म सरसफाइ गरिएको अध्यक्ष बुढाचार्यं बताए ।

चन्दा सङ्कलन गरेर खानेपानी

पर्वत २७ चैत्र ।

गाउँमा जस्तोसुकै विकास निर्माणका काम गर्दा पनि राज्यकै मुख ताक्नुपर्ने परम्परालाई तोड्दै पर्वतको एक गाउँका बासिन्दाले श्रमदान र चन्दा सङ्कलन गरेर खानेपानी योजना निर्माण गरेका छन् । पर्वतको कुस्मा नगरपालिका-७ दुर्लुङ चनौटिका बासिन्दाले गाउँमा खानेपानी योजना निर्माण गरेका हुन् । गत वैशाख १२ को भूकम्पका कारण क्षतविक्षत बनेको खानेपानी योजना स्थानीय बासीले आफै ममंत गरेका हुन् । योजना ममंतका लागि जिविस र कुस्मा नगरपालिकामा पटकपटक माग गरे पनि कुनै सहयोग नपाएपछि आफै रकम सङ्कलन गरेर खानेपानी योजना स्थानीय बासीले आफै ममंत गरेका हुन् । योजना ममंतका लागि जिविस र कुस्मा नगरपालिकामा पटकपटक माग गरे पनि कुनै सहयोग नपाएपछि

बैंक ब्यालेन्स
बैंक ब्यालेन्स सर्टिफिकेट तथा बैंक ट्रान्सफर गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।
सम्पर्क
९८२६१-०६६०२

१३औं फेवा नववर्ष महोत्सवको तयारी पूरा

गोल्डेन न्यूज संवाददाता
पोखरा २७ चैत ।

पोखराको बसुन्धरा पार्कमा संचालन हुने १३ औं फेवा नव वर्ष महोत्सवको सम्पूर्ण तयारी पूरा भएको छ। महोत्सव आयोजक समितिले शनिवार महोत्सवस्थलमा पत्रकार सम्मेलन गरी उक्त जानकारी दिएको हो। चैत २८ देखि बैशाख २ गतेसम्म संचालन हुने महोत्सवमा खानाका मात्र विभिन्न १२ वटा र अन्य ४० वटा स्टल रहने संघका अध्यक्ष भरतराज पराजुलीले जानकारी दिए। फेवा तालको संरक्षण गरौं भन्दै संस्कृति, पर्यटन र खानालाई मुख्य जोड दिएर यो महोत्सव आयोजना गर्न लागिएको अध्यक्ष पराजुलीले जानकारी दिए। विदेशी नर्या वर्ष भन्दा आफ्नै मौलिक नेपाली नर्या वर्ष धुमधामसँग मनाउने उद्देश्य समेत महोत्सवले लिएको उनले बताए।

महोत्सवमा २५ हजार पर्यटक र एक लाख भन्दा बढी स्थानीय वासिन्दाले सहभागीता जनाउने महोत्सव संयोजक विकल तुलाचनले जानकारी दिए। महोत्सवमा सांस्कृतिक कार्यक्रम, दोहोरी गीतका कार्यक्रम, पप कन्सर्ट, व्यापारिक तथा बैंकका स्टलहरु पनि आकर्षणको रुपमा रहने उनले जानकारी दिए। महोत्सवका अवसरमा होटलका विस्तारामा २० प्रतिशत छुटको पनि व्यवस्था गरिएको संयोजक तुलाचनले जानकारी दिए। कृषि उपज स्टल र बाल उद्यानलाई समेत महोत्सवले समेट्ने छ। डुंगा दौड र पर्यटक दौडका कार्यक्रम पनि हुने छन्।

महोत्सवको पहिलो दिन स्थानिय खहरेचौक बाट बिहान ११:०० बजे झांकी सहितको न्यानी शुरु हुनेछ भने महोत्सवको औपचारीक उद्घाटन मध्यान्ह १२:३५ बजे महोत्सव स्थल बशुन्धरापार्कमा हुनेछ।

उद्घाटन कार्यक्रम पश्चात विद्यालय स्तरिय लोक दोहोरी प्रतियोगिता कार्यक्रमको साथमा विविध सांस्कृतिक कार्यक्रम, प्रत्यक्ष पप कन्सर्ट रातको १०:०० बजे सम्म रहने संघका महासचिव भेकेन्द्रकुमार श्रेष्ठले जानकारी दिए। दोश्रो दिन फेवातालको संरक्षण र जनचेतना अभिवृद्धि गर्न हेतुले खुल्ला दुइा दौड प्रतियोगिता बिहान ८:००बजे बशुन्धरापार्क नजिक फेवाताल किनारमा आयोजना हुनेछ। बिहान १०:०० बजेदेखि विभिन्न ख्यातिप्राप्त गायक/गायिका तथाव्याण्डद्वारा गायन प्रस्तुती, विद्यालय स्तरिय दोहोरी गीत प्रतियोगिता साथै नाचगान कार्यक्रम, विविध सांस्कृतिक कार्यक्रम, प्रत्यक्ष पप कन्सर्ट राति १०:०० बजे सम्म रहनेछ।

तेश्रो दिन विदेशी पर्यटकहरु लाई नेपाली नर्या वर्ष महोत्सवमा सहभागीता गराउन बिहान ९:००बजे स्थानीय हल्लनचौकबाट महोत्सव स्थल बशुन्धरापार्क सम्म खुल्ला पर्यटक दौड प्रतियोगिताको आयोजना गरिएको छ। बिहान १०:०० बजे देखी विभिन्न ख्यातिप्राप्त गायक/गायिका तथा व्याण्डद्वारा गायन प्रस्तुति, विद्यालय स्तरिय दोहोरी गीत प्रतियोगिता साथै नाचगान कार्यक्रम, विविध सांस्कृतिक कार्यक्रम, प्रत्यक्ष पप कन्सर्ट, रेवान पोखराको सहकार्यमा साँझ ५:०० बजे देखी मध्यरात १२:३० बजे सम्म हल्लनचोक देखी अम्बोट सम्म सडक महोत्सवका साथै सडकमा विविध सांस्कृतिक कार्यक्रम रहनेछ।

चौथो दिने नर्या वर्षको शुभकामना आदान-प्रदान बिहान १०:०० बजे देखि विभिन्न ख्यातिप्राप्त गायक/गायिका तथाव्याण्डद्वारा गायन प्रस्तुती, विद्यालय स्तरिय दोहोरी गीत प्रतियोगिता साथै नाचगान कार्यक्रम, विविध सांस्कृतिक कार्यक्रम, प्रत्यक्ष पप कर्न्सट रातको १०:०० बजे सम्म रहनेछ र १३ औं फेवा नव वर्ष महोत्सवको समापन हुनेछ।

धादिङ सम्पर्क मञ्चको क्यालेण्डर विमोचन

गोल्डेन न्यूज संवाददाता
पोखरा २७ चैत ।

नर्यावर्ष २०७२ को अवसर पारि धादिङ-पोखरा सम्पर्क मञ्चले प्रकाशन गरेको क्यालेण्डर विमोचन एवं नववर्ष २०७२ को शुभकामना आदान-प्रदान कार्यक्रम सम्पन्न भयो। सम्पर्क मञ्च पोखरामा रहेका एमाले निकट धादिवासीहरुको साझा संस्था हो। क्यालेण्डर विमोचन प्रधानमन्त्री केपी शर्मा ओलीका स्वकीय सचिव एवं युवा संघ नेपालका सचिवालय सदस्य रमेश आचार्यले गरेका थिए। कार्यक्रमका प्रमुख अतिथि समेत रहेका आचार्य केवलपुर धादिङ निवासी समेत छन्। कार्यक्रममा बोल्दै उनले नर्या संविधान निर्माणमा एमालेको भूमिका महत्वपूर्ण भएको बताए। अबको समय संविधान कार्यान्वयन को भएकाले त्यसैमा ध्यान केन्द्रित गर्नुपर्नेमा जोड दिंदै उनले सबै नेता र कार्यकर्ता एकजुट बनाएर एमालेलाई मुलुककै पोलो पार्टी बनाउनुपर्ने बोचो औंल्याए। राजनीतिक एवं सामाजिक गतिविधिमा एकजुट भएर अघि बढ्न धादिङवासीहरुलाई उनले आग्रह गरे। असहज परिस्थितिमा

गठन भएको सरकारले मधेश आन्दोलन र नाकाबन्दीबाट मुलुकलाई पार लगाउँदै छिमेकी संगको सम्बन्ध सुमधुर बनाउन सक्नु नै सरकारको सफलता भएको उनको जिकिर थियो। आचार्यले अब भुकम्पबाट प्रभावितका लागि काम गर्ने र यसपछि कसैले पनि सरकार असफल भयो भन्ने नसक्ने ठोकुवा गरे। 'नाकाबन्दीले मुलुक आकान्त भएको वेला सरकार गठन भयो। टुलो दलले सहमति तोडेका वेला राष्ट्रियतको जगमा बनेको सरकार हो',उनले भने-'मधेश आन्दोलन यहांसम्म आएको छ। छिमेकी मुलुकसंग पारवहन लगायत महत्वपूर्ण सम्झौता भएको छ।'

धादिङ-पोखरा सम्पर्क समितिका अध्यक्ष झक्क सारु मगरले पोखरामा रहेका सबै धादिङवासीहरु एकजुट भएर अघि बढ्नुपर्ने बताए।

मञ्चका अध्यक्ष वेनी पाठकको अध्यक्षतामा भएको कार्यक्रममा मञ्चका निवर्तमान अध्यक्ष कृष्णबहादुर लम्साल, कार्यक्रम संयोजक नवराज सापकोटा, नेकपा एमाले क्षेत्र नं. २ इलाका कमिटी अध्यक्ष वीरबहादुर थापा, एमाले इकाइ कमिटी पोखरा-९ का अध्यक्ष प्रकाश शर्मा, मञ्चका सचिव गोकर्ण अधिकारी लगायतले आ-आफ्नो भनाइ राख्नेका थिए।

उक्त अवसरमा क्यालेण्डर तयार गर्दाको अनुभव राख्दै कार्यक्रम संयोजक नवराज सापकोटालें क्यालेण्डर प्रकाशनका क्रममा सहयोग गर्ने महान्भाव एवं विज्ञापनदाताहरुलाई आभार तथा धन्यवाद ज्ञापन गरे।

च्याण्डममा उपन्यास जुनेलीको परिचर्चा

पोखरा २७ चैत ।

रयाण्डम रिडर्स सोसाइटी अफ् नेपालको मासिक पुस्तक परिचर्चा कार्यक्रमको ६२ औं शृङ्खलामा शनिवार ब्रजेशको उपन्यास जुनेलीको परिचर्चा गरिएको छ। सोसाइटीका अध्यक्ष उपेन्द्र पौडेलको अध्यक्षतामा भएको कार्यक्रममा कृतिको परिचर्चा गर्दै युवा पत्रकार तथा साहित्यकार भुपेन्द्र खड्कालें आफूलाई निकै मन पर्ने जुनेली छापेको बताए। सोसाइटीका आफ्नै पहिलो उपन्यास 'यायावर'की पात्र जुनेलीलाई न्याय दिलाउन भन्दै लेखेको उपन्यासले नेपाली नारीहरुको पिडालाई प्रस्तुत गर्न सफल भएको सुबेदीको भनाइ थियो। यौन मनोविज्ञानलाई मूल रुपमा उठाइए पनि समाजका अन्य मनोविज्ञानलाई पनि उपन्यासले समेटेको भन्दै सुबेदीले अघिल्लो उपन्यासको हयाइओभरबाट भने उपन्यासकार बढी नै यस्त बनेको आरोप लगाए। उपन्यासकार ब्रजेशले कुनै पनि कराराई हेर्ने व्यक्तिपिच्छे फरक दृष्टिकोण हुने भन्दै आफ्नो उपन्यासमा केही कमजोरी भए पनि तिनलाई पन्छाएर पढिदिए कृतिमाथि न्याय हुने बताए। अश्लील शब्दको प्रयोग गरेको भन्ने आरोपको खण्डन गर्दै आफूले केही पात्रहरुले बोल्ने भाषालाई यथार्थ रुपमा उतारेको जिकिर गर्दै उहाले नर्या उपन्यास बेच्ने खालको लेख्ने जानकारी दिए। प्रकाशक बुक हिल पब्लिकसनका सञ्चालक तथा साहित्यकार भुपेन्द्र खड्कालें आफूलाई निकै मन पर्ने जुनेली छापेको बताए। सोसाइटीका सचिव रुपिन्द्र प्रभावीद्वारा सञ्चालित कार्यक्रममा उपाध्यक्ष केशवशरण लामिछानेले आगामी वैशाख महिनाको अन्तिम शनिवार अनिल पौडेलको संस्मरणात्मक कृति अतीतका बिस्कुनमाथि डा. भीम खतिवडाले चर्चा गर्ने जानकारी दिए। सो अवसरमा अजय अनमोल, मोती भुजेल, राजकुमार ढकाल, उपिपराज हुइगाना, सुरज उपाध्याय, सीमात पोखरेल, ब्रिम लामिछानेले लगायतले टिप्पणी गरेका थिए। सोसाइटीले हरेक महिनाको अन्तिम शनिवार कुनै पुस्तक वा विषयमाथि परिचर्चा गर्दै आएको छ।

जेष्ठ नागरिकहरु सम्मानित

गोल्डेन न्यूज संवाददाता
पोखरा २७ चैत ।

स्वान्त सुखाय: परोपकार प्रतिष्ठान पोखराले ६ जना पोखरेली जेष्ठ नागरिकलाई शनिवार सम्मान गरेको छ। प्रतिष्ठानका अध्यक्ष पा.डा. कृष्णकुमार श्रेष्ठको अध्यक्षतामा भएको कार्यक्रममा ९६ वर्षीया छलिमाया कोइराला, ९३ वर्षीय प्रेमबहादुर हमाल, ९१ वर्षीय पदमराज कोइराला, ९१ वर्षीया तिलकुमारी गुरुङ, ८६ वर्षीया विष्णुमाया खेंजू र ८१ वर्षीय पूर्णबहादुर नेपालीलाई सम्मान गरिएका हो।

संसदको विकास समितिका सभापति रवीन्द्र अधिकारीले जेष्ठ नागरिकलाई सम्मान गर्दै युवाहरु क्रमश: विदेसिन थालेपछि हाम्रो समाजमा अधिकांश जनसङ्ख्या ओगटेको जेष्ठ नागरिकलाई सम्मान गर्नुपर्ने बताए। नर्या र पुराना पुस्ताबीच समन्वय नभई समाज अघि बढ्न नसक्ने भन्दै अधिकारीले समयअनुसार सोचाइ परिवर्तन हुनुपर्नेमा जोड दिए।

कार्यक्रममा शिक्षासेवी गणेशबहादुर गुरुङ, सम्मानित व्यक्ति पदमराज कोइराला, समाजसेवी भक्तराज श्रेष्ठ, नमुना आदर्श आमा समूहकी अध्यक्ष कालिका थापालगायतले बोलेका थिए। संचिव डा. हिमलाल गौतमद्वारा सञ्चालित कार्यक्रममा उपाध्यक्ष उमाकान्त शर्माले स्वागत गरेका थिए।

कस्मेटिकमा शुभकामना आदान-प्रदान

गोल्डेन न्यूज संवाददाता
पोखरा २७ चैत ।

कस्मेटिक व्यवसायी संघ कास्की पोखराले नर्या वर्षको अवसरमा आयोजना गरेको शुभकामना आदानप्रदान, चियापान तथा क्यालेन्डर विमोचन कार्यक्रम शनिवार सम्पन्न भएको छ। संघका अध्यक्ष विष्णुप्रसाद वास्तोलाको अध्यक्षतामा आयोजित कार्यक्रममा बोन्दै प्रमुख अतिथि पोखरा उद्योग वाणिज्य संघका द्वितिय उपाध्यक्ष मीनराज काफ्ले व्यवसायी हर्कलिताका लागि सम्पूर्ण व्यवसायी एकजुट हुनुपर्ने बताए। उक्त अवसरमा रोयो कम्पनीका प्रतिनिधि निरचन घिमिरे, परेली अन्केयर कम्पनीका तर्फबाट मोहन अर्याल, पोखरा उद्योग वाणिज्य संघका उपमहासचिव प्रकाशदेव पालिखे, व्यवसायी दुर्गा बराल, लेखनाथ सुवेदी, महेश्वर रिजाल लगायतले बोलेका थिए।

स्वामीजी....

कृष्णदास जी व्यूँफिएमा आधुनिक चिकित्सा विज्ञानको लागि यो ठूलो चुनौती थपिने दावी डाक्टरहरुको छ। 'यदि स्वामी व्यूँफिनु भयो भने यो सिंगो विश्वलाई नै चुनौति हुनेछ' डा. बृद्धिबहादुर थापाले भने-'यदि त्यसो भयो भने यसबारेमा गहन अध्ययन जरुरी हुने छ।' समाधिमा जानु अघि स्वामी कृष्णदासजीले समेत यसबारेमा गहन अध्ययन अनुसन्धान गर्न सार्वजनिक आह्वानसमेत गरेका थिए। अहिले स्वामी कृष्णदासजीको अवस्था वासकभित्र के कस्तो रहेको छ त्यसबारेमा कसैलाई पनि थाहा छैन्। त्यसबारेमा अध्ययन अनुसन्धान गर्ने उपकरणहरु पनि नभएको र उनी बाहिर निस्किएमा फेरि स्वास्थ्य जाँच गरेर अनुसन्धान प्रतिवेदनको विश्लेषण गर्ने तयारीमा पोखराका डाक्टरहरु लागेका छन।

गोल्डेन न्यूज राष्ट्रिय दैनिक अनलाइनमा पढ्न र सुनौलो एफ.एम. १०२.२ मेगाहर्ज सुन्न
Log on :
www.goldennews.com.np

सस्तोमा जहाज टिकट
सस्तोमा राष्ट्रिय, अन्तर्राष्ट्रिय हवाईजहाज टिकट तथा दुरिष्ट बस टिकट चाहिएमा साथै विदेशमा सामान पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।
World Int'l Travels & Tours Pvt. Ltd.
Newroad, Darbarthok Marga, Pokhara-9
Ph: 061-523753, 526409, 9856032747

"रंगहरूको अन्तिम गन्तव्य"
आकर्षक एवं दिर्घसलीय रंगरोगनका लागि सम्झनै पर्ने पसल
योर्स ट्रेड कन्सर्न
एशियन पेन्टस्, रोयल ईस्पायराका साथै सिपेजको समस्या साबधान , बाटर प्रुफिङ गरिन्छ ।
फोन : ०६१-४३०१९४, मो. ९८५६०३०९८७, ९८४६३३६३५१
अमरसिंहचौक, पोखरा, कास्की
डिलर: एशियन पेन्ट
नेपालमा सर्वाधिक रुचाईएको पेन्ट

पोखरामा पहिलो पटक
- रोमबट्टुक : लिङ्गको साइज, पावर बढाउन, शिघ्र स्खलन रोक्न, विश्व विख्यात हर्बल सप्लिमेन्ट उपकरण, मसाज तेल (महिला पुरुष दुबैको लागि)
- स्तन बढाउन, घटाउन, टाइट गर्न, मुलाइ कसिलो बनाउन, पेटको चिरा हटाउन।
- केश झर्न रोकी उमार्ने तेल, Hair Building Fibers.
- Cuit Face बनाउन सय अमृत (Inddian), Fair Look
- उचाई बढाउन Step Up, Triple Height
- तौल बढाउन (B.D.P) Body Buildo घटाउन (More Slim)
- थाहै नदिई जाँघ रक्सी वुरोट, खैनी, गाँजा तथा ड्रग्स छुटाउन।
- दौड तथा जोरी दुखाई ठिक पार्न, सम्पौ सुधा पेलिसिल।

अब Facebook मा www.facebook.com/Pokhara Herbal Home
पोखरा हर्बल होम्स
(भाटभटेनीको ठिक अगाडि) न्यूरोड, पोखरा
061-539070, 9856035331, 9804122919
ठिक होला अस्पिरार

TOPS
Higher Secondary School
Admissions Open
Playgroup to Nine
- Co-educational
- Computer & Science Labs
- Well-equipped Libary
- Monthly Test
- Value-based Education

with Complete Pre-school System (CPS)
supported by Kathmandu-based Trainers
- Eminent Sport Facilities
- Transportation available
- Day Boarding & Hostel Facilities available

Near Geeta Mandir/Buddha Arghaun Sadan
Enquiry/Contact :
Ramghat, Pokhara, Tel. : 061 528382 / 523800 / 534741
E-mail : tops_pkr@wlink.com.np
Website : www.tops.edu.np

प्रो. बद्री के.सी. : ९८५६०२९८४६
प्रो. गोपाल बहादुर कार्की : ९८५६०३९८७२
प्रो. राजेश के.सी. : ९८५६०३७३१७
इन्द्रेणी क्याटरिङ एण्ड पार्टी प्यालेस
चापापानीमार्ग, पोखरा-१२, फोन : ०६१-५२५६४६, ५२७३०४
शुभ-विवाह, जन्मोत्सव, अन्नप्राशन, व्रतबन्ध, पिकानक, सेमिनार तथा अन्य कुनैपनि कार्यक्रमका लागि टेण्ट, लाइट, डेकोरेशन एवं फूल तथा हाफ क्याटरिङका साथै कुक चाहिएमा हामीलाई सम्झनुहोस् ।
(हामीकहाँ २०० गाडी अटाउने पार्किङ पनि छ ।)

विदेश जानेहरूका लागि सुवर्ण अवसर
Macow, Abudabi का Spark, Middle East, Star र Al Jaber Coin दुबई र कतारको Grup-4 Security कम्पनीहरुमा जान चाहेहरुलाई यस प्रा.लि.मार्फत अन्तर्राष्ट्रिय स्तरको सेक्यूरिटी गार्ड तालिम र अंग्रेजी भाषाको तयारी कक्षाहरु संचालन भैरहेको हुँदा इच्छुक व्यक्तिले त-सम्पर्क गर्नुहोला ।
हाम्रा विशेषताहरू :- तयारी कक्षा छलाग्दाछल चलिरहेको छ ।
❖शतप्रतिशत उत्तीर्ण गराउन सफल ❖आफ्नै मेनपावर कम्पनीबाट प्रशिक्षित गराइने ।
❖१ वर्षमा ३ सय भन्दा बढी सेक्यूरिटी गार्डमा पास गराउन सफल
सम्पर्क फेवा सेक्यूरिटी एण्ड वर्कर सर्भिसेज प्रा.लि.
पृथ्वीचोकबाट १०० मिटर तल (एयरपोर्ट जाने बाटो)
मुक्तिनाथ विकास बैंकको अगाडि, पोखरा बिजनेस कम्प्लेक्स सटर नं. ३०,
फोन:०६१-५३०७२, मो. ९८४६०-४१९२

अनेक समस्या सफल उपचार
ज्यादिक: खाना रुचि नहुने, अम्लिलो पानी आउने, भ्रुसिल हुकार आउने जस्तो सुकै पुराणो ग्यास्ट्रिकको सफल उपचार ।
यौन समस्या: शिघ्र स्खलन, उत्तेजना नहुने, लिङ्ग चिलाउने, स्वप्न दोष जस्तो सुकै यौन समस्याको सफल उपचार ।
महिला सम्बन्धि समस्या
महिनामारी नहुबाटो, सेतोपाली बग्ने, छाती चिलाउने, तल्लो पेट दाइ कम्मर दुखे, पेट तथा छातीमा भएको सेतो धस्तो हटाउने, स्तन बढाउने तथा घटाउने तथा टाइट गर्ने, यौन घाउतामा कमी हुने जस्तो सुकै समस्याको आयुर्वेदिक एनिलाइट सफल उपचार ।
जाँघ रक्सी थाहा नदिई केहि दिनमै छुटाउने
सुन्दरता:- कालो चाखी पोरो, डण्डिफोर, दुध धब्बा, मस्किया, फोटी, घाउपचिक हटाई पुरै शरिर गोरो बनाउने ।
सुन्दरी खाली ग्राहकको लागि मात्र छुट्टै व्यवस्था लीनेमा पहल गरिएको ।
रुप उपचार:- ग्रेभर, सुनर, जण्डिस, पिलास, घाइला, दुध साथै बाथ, दाइ कम्मर, दाइ जोरी पुरै शरिर ड्राइ ठिक पार्ने सफाइ गेल ।
शिसल आयुर्वेद फर्मा
पृथ्वीचोक, पोखरा, मुक्तिनाथ विकास बैंकको अगाडि पोखरा इलेक्ट्रोनिक्स भवन भित्र
फोन नं ०६१-५३५९६७, ०६-५२२४१४९८, मो. ९८४६५३७४९८
ठिक होला अस्पिरार

सेक्यूरिटी गार्डमा वैदेशिक रोजगारको सुवर्ण अवसर
Abudhabi का Spark Middle East Star Force, UAE र DPS कम्पनी Group-4 कम्पनि, कतार लगायतका देशमा सेक्यूरिटी गार्डमा जान चाहेहरुलाई तल दिइएको Diplomatic सम्पर्कबाट तुरुन्त सम्पर्क गर्नु होला । तयारी कक्षा सञ्चालन
सम्पर्क
आमोर ग्रुप सेक्यूरिटी सर्भिस एण्ड सप्लायर्स प्रा.लि.

गाविस इकाइको भूमिकाबारे धादिङवासीमा बहस

गोल्डेन न्यूज संवाददाता
पोखरा २७ चैत्र ।

धादिङ-पोखरा सम्पर्क समितिका पदाधिकारी, सदस्यका सावै सल्लाहकार तथा विभिन्न गाविस इकाइका पदाधिकारीबीच एकाइ गठन र भूमिका बारे बहस भएको छ। धादिङ-पोखरा नलाड इकाइ समितिको शनिवार सम्पन्न तेस्रो अधिवेशनको उद्घाटन सत्रमा पनि यो बहसले प्राथमिकता पायो । कार्यक्रममा बोल्ने विभिन्न गाविस इकाइका अध्यक्षहरुले धादिङ-पोखरा सम्पर्क समितिका लागि इकाइ समितिहरु अति आवश्यक भएको, समितिको विधानमा समेत स्पष्ट व्यवस्था गरिएको भएपनि इकाइ गठनमा समितिले बेवास्ता गरेको गुनासो गरेका थिए । उनीहरुले सबै धादिङबासीलाई एकै ठाउंमा ल्याउनका लागि पनि इकाइहरु आवश्यक रहेकाले मूल समितिले इकाइ गठनमा सहयोगी भूमिका निर्वाह गर्नुपर्नेमा जोड दिएका थिए । कार्यक्रमको उद्घाटन एवं नलाड इकाइद्वारा प्रकाशित क्यालेण्डर विमोचन गर्दै धादिङ-पोखरा सम्पर्क समितिका अध्यक्ष कृष्ण सार मगरले यसअघि जे जस्तो भएपनि अबका दिनमा इकाइ गठनमा सहयोगी भूमिका निर्वाह गर्ने र सबै इकाइहरुलाई एकैसूत्रमा आबद्ध गराइ अघि बढ्न तयार रहेको बताए । कानूनी ढङ्गले समितिमा संस्थागत सदस्यता लिन आउने सबै गाविस इकाइहरुलाई समितिले सक्दो सहयोग गर्ने भन्दै उनले एकाइ समितिहरुलाई संस्थागत सदस्यता प्रदान गर्न थालेकोले इकाइहरुको विपक्षमा आफू कहिल्यै नभएको स्पष्ट पारे । उनले भने-समितिको नीति र निर्देशन बमोजिम गठन एवं संचालन हुने इकाइहरुलाई समितिले सदैव सहयोग र सहकार्य गर्नुपर्छ। समितिका सल्लाहकार परिषद सदस्य वेनी पाठकले समितिको मातहतमा रहने गाविस इकाइहरु जति संगठित हुन्छन् त्यतिनै समिति बलियो हुने स्पष्ट पार्दै इकाइ गठनमा समितिले विशेष अभियान संचालन गर्नुपर्नेमा जोड दिए ।

अध्यक्षमा अधिकारी निर्वाचित

धादिङ-पोखरा नलाड इकाइ समितिको शनिवार सम्पन्न पाचौं साधारणसभा तथा तेस्रो अधिवेशनले शम्भु अधिकारीलाई अध्यक्षमा निर्वाचित गरेको छ । अध्यक्षमा निर्वाचित अधिकारी धादिङ-पोखरा सम्पर्क समितिका सह-सचिव समेत हुन् । उनी नलाड इकाइका निवर्तमान सचिव समेत हुन् । उनी पोखरामा फलफूल व्यवसायमा आबद्ध छन् । समितिको उपाध्यक्षमा रामप्रसाद दवाडी, सचिवमा सरस्वती श्रेष्ठ, सह-सचिवमा टीकाराम अधिकारी एवं कोषाध्यक्षमा गंगा पौडेल निर्वाचित भएका छन् । समितिको सदस्यहरुमा भेषराज अधिकारी, विक्रम पण्डित, जितप्रसाद भट्ट, लक्ष्मण रिमाल, कृष्ण श्रेष्ठ, कल्पना थपलिया, सूर्यमान बाणा, गीता अधिकारी, गणेश गिरि र कृष्ण श्रेष्ठ रहेका छन् । समितिको सल्लाहकारहरुमा रामबहादुर अर्याल, गोकर्ण अधिकारी, कृष्णमणि भट्ट, भागवत गिरी, दामोदर अधिकारी, देवीप्रसाद मिलवाल र राजेन्द्र लोहनी रहेका छन् । निर्वाचन सम्पन्न गर्न इकाइका सल्लाहकार गोकर्ण अधिकारी संयोजक रहेको निर्वाचन समिति गठन गरिएको थियो । अध्यक्षमा निर्वाचित अधिकारीले सबै नलाडबासीलाई एकीकृत गरि मूल समिति धादिङ-पोखरा सम्पर्क समितिसग सहकार्य गरेर अघि बढ्न आफू तयार रहेको प्रतिबद्धता जनाए ।

एकीकृत गरि समितिको गतिविधिमा सक्रिय बनाउन आफू र समिति तयार रहेको स्पष्ट पारे ।

धादिङ-पोखरा सम्पर्क समितिका निवर्तमान अध्यक्ष बलराम खतिवडाले आफ्नो कार्यकाल देखिनै गाविस इकाइ समितिहरुलाई आधिकारिक निर्णायक गोल गरे । तेस्रो खेलमा युवा संघ पोखरा २९ ले वि.एन.एस. एफ. सीलाई २-० गोलले पाखा लगायो । युवा संघ २९ को जितमा धर्मेन्द्र कुर्वेर र अजित गुरुङले एक/एक गोलको योगदान दिए । चौथो खेलमा शुभतारा युवा क्लबले युवा नगर कमिटी पोखरालाई ३-१ को नतिजाले पच्छाउंदै विजयी भयो । शुभतारको जितमा सुजन वि.क. अमृत तामाङ र प्रकाश पुनले एक/एक गोल गरे ।

प्रतियोगिता अन्तर्गत आइतवार युवा संघ कास्की(रातो) र योड स्टार क्लब बीच हुने छ । तेस्रो खेल मालेपाटन युवा क्लब र युवा संघ पोखरा बीच हुने छ । तेस्रो खेल संघर्ष युवा क्लब र शुभतारा युवा क्लब बीच हुने छ भने अन्तिम खेल युवा संघ क्षेत्र नम्बर एक र युवा संघ पोखरा २६ बीच हुने युवा संघ कास्कीका संचिव डिल्लिराम सुवेदीले जानकारी दिए । प्रतियोगिमा उत्कृष्ट खेलाडि र सर्वाधिक गोलकर्ता खेलाडिलाई नगद ५ हजार, मेडल र प्रमाणपत्र प्रदान गरिने संयोजक नविन पुनले बताए। त्यस्तै अनुशासित टिमलाई मायाको चिनो र प्रमाणपत्र प्रदान गरिने छ । प्रतियोगिता सम्पन्न गर्न करिब १४ लाख ३० हजार खर्च लाग्ने अनुमान आयोजकले गरेको छ ।

लेखनाथमा युवा संघ कप फुटबल जारी

गोल्डेन न्यूज संवाददाता
पोखरा २७ चैत्र ।

युवा संघ कास्कीको आयोजनामा लेखनाथमा जारी डोम्रो युवा संघ कप सेभेन ए साइड फुटबल प्रतियोगितामा अर्न्तगत शनिवार युवा संघ क्षेत्र नम्बर एक, युवा संघ पोखरा २९, शुभतारा युवा क्लब र युवा संघ पोखरा २६ विजयी भएका छन् । प्रतियोगिता अन्तर्गतको पहिलो खेलमा गगनगौडा युवा क्लब टाइबेकरको निकार भएको भयो ।

युवा संघ पोखरा २६ ले गगनगौडा युवा क्बललाई टाइबेकरमा ७-६ गोलले पाखा लगाउंदै विजयी भयो । निर्धारित खेलमा दुवै तर्फ एक/एक गोलमा सकिएपछि खेल टाइबेकरमा पुगेको थियो । अर्को खेलमा युवा संघ कास्की क्षेत्र नम्बर एकले एकता युवा क्बललाई १-० गोलको कठिन जित निकाली विजयी भयो । युवा संघको जितमा पूर्ण गुरुङले मार्वि संयोजक केपी भुर्तेल, शिक्षक सत्यराज कडेल, ऋषिराम रानाभाट, सविन चन्द्र तिवारी लगायतले नव वर्ष २०७३ सालको शुभकामना दिंदै विद्यार्थीहरु को उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गरेका थिए । कक्षा १२ का विद्यार्थीहरु सुनिल भुर्तेल, कल्पना अधिकारीले शुभकामना मन्तव्य राखेका थिए । कार्यक्रमको बीच-बीचमा विद्यार्थीहरुले सांस्कृतिक कार्यक्रम समेत प्रस्तुत गरेका थिए । त्यस्तै कक्षा ११ का विद्यार्थी मनिषा नेपालीले स्वागत मन्तव्य राखेको सो कार्यक्रम कक्षा ११ की विद्यार्थी सन्तोषी नेपालीको सभापतित्वमा सम्पन्न भएको थियो भने कक्षा ११ का विद्यार्थी बिनिता तिवारी र सरिता बांस्तोलाले संचालन गरेको सो कार्यक्रममा अतिरिक्त क्रियाकलापमा सर्वोत्कृष्ट हुने विद्यार्थीहरुलाई पुरस्कृत गरिएको थियो भने कक्षा १२ का विद्यार्थी सुनिल भुर्तेलले शिक्षकहरुलाई खादा लगाएर सम्मान गरेका थिए ।

यसैगरी लेखनाथ १० स्थित आनन्द ज्योति उच्च मा.वि.को कक्षा ११ मा अध्ययनरत विद्यार्थीले कक्षा १२ मा अध्ययन गर्ने विद्यार्थीलाई विदाई कार्यक्रम गरेका छन् । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष विष्णुबहादुर बुढाथोकीले विद्यार्थी अनुशासन भई आफ्नो अध्ययन कार्यलाई निरन्तरता दिन सुझाव दिएका थिए । त्यस्तै शिक्षक अभिभाक संघका अध्यक्ष यमनाथ पण्डेले विद्यार्थीले आफ्ले गर्नु पर्ने कर्तव्यलाई पालना गर्दै अघि बढ्न आग्रह गरे । विद्यालय व्यवस्थापन समितिका सदस्य कृष्ण प्रसाद सापकोटा, उच्च मार्वि संयोजक सत्यराज कडेल, शिक्षक शिवराज अधिकारी, सविन चन्द्र तिवारी, शिक्षिका शारदा तिवारी लगायतले शुभकामना मन्तव्य राखेका थिए ।

रत्न शोभा र आनन्दज्योतिमा विद्यार्थी बिदाई

गोल्डेन न्यूज संवाददाता
पोखरा २७ चैत्र ।

माझठाना गाविस बडा न. ९ स्थित रत्न शोभा उच्च मा.वि.को कक्षा ११ मा अध्ययनरत विद्यार्थीले कक्षा १२ मा अध्ययन गर्ने विद्यार्थीलाई विदाई कार्यक्रम गरेका छन् । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष एकराज तिवारीले विद्यार्थीहरु जिम्मेवारी भई आफ्नो भविष्यको गोरेटो कोर्ने बेला आएको भन्दै उच्च मा वि शिक्षा परिषदले लिने बोर्ड परीक्षामा सफलताको शुभकामना दिएका थिए ।

त्यस्तै विद्यालयका प्रधानाध्यापक गोपाल बहादुर बुढाथोकीले कक्षा १२ मा अध्ययनरत विद्यार्थीहरु मेहनति, लगनशील एवम् अनुशासित भई अध्ययन गरेकोमा खुशी व्यक्त गर्दै आगामी दिनमा पनि अनुशासनलाई मध्यनजर राख्दै आफ्नो अध्ययन कार्यमा लाग्न प्रेरित गरे । उच्च मा.वि. को कक्षा १२ मा अध्ययनरत विद्यार्थीले कक्षा १२ मा अध्ययन गर्ने विद्यार्थीलाई विदाई कार्यक्रम गरेका छन् । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष विष्णुबहादुर बुढाथोकीले विद्यार्थी अनुशासन भई आफ्नो अध्ययन कार्यलाई निरन्तरता दिन सुझाव दिएका थिए । त्यस्तै शिक्षक अभिभाक संघका अध्यक्ष यमनाथ पण्डेले विद्यार्थीले आफ्ले गर्नु पर्ने कर्तव्यलाई पालना गर्दै अघि बढ्न आग्रह गरे । विद्यालय व्यवस्थापन समितिका सदस्य कृष्ण प्रसाद सापकोटा, उच्च मार्वि संयोजक सत्यराज कडेल, शिक्षक शिवराज अधिकारी, सविन चन्द्र तिवारी, शिक्षिका शारदा तिवारी लगायतले शुभकामना मन्तव्य राखेका थिए ।

एमाओवादी धादिङ-पोखरा समन्वय समितिमा सिंखडा

गोल्डेन न्यूज संवाददाता
पोखरा २७ चैत्र ।

एकीकृत नेकपा माओवादी निकट धादिङ-पोखरा समन्वय समिति कास्कीको भेला, तेस्रो अधिवेशन एवं क्यालेण्डर विमोचन कार्यक्रम शनिवार सम्पन्न भयो । अधिवेशनले धादिङ आगिन्चोक-५ निवासी रेशमबहादुर सिंखडा । गोपाल लाई अध्यक्षमा चयन गरेको छ । सिंखडा यसअघि पनि समितिको कार्यवाहक अध्यक्ष भएर काम गरेका थिए । उनी धादिङ-पोखरा सम्पर्क समितिका कार्यसमिति सदस्य, आगिन्चोक गाविस इकाइका सल्लाहकार एवं अखिल नेपाल मजदूर संघ कास्कीका अध्यक्ष समेत हुन् । समितिको उपाध्यक्षमा यसअघिका सचिव ईश्वरकुमार श्रेष्ठ, सचिवमा कृष्ण प्रसाद धरेल, सह-सचिवमा चन्द्रमान शाक्य र कोषाध्यक्षमा गोकर्ण लम्साल रहेका छन् ।

यसैगरी समितिको सदस्यहरुमा बलराम लम्साल, केदार अवस्थी, युगमराज अवस्थी, दिनेश लम्साल, शिव विसुन्के, कृष्ण श्रेष्ठ, हरि अधिकारी, कमल थपलिया, रामचन्द्र पाण्डे, विनोद रेग्मी, रामकृष्ण श्रेष्ठ रहेका छन् ।

यसअघि कार्यक्रमको उद्घाटन एवं क्यालेण्डर विमोचन गर्दै एमाओवादी कास्कीका नेता रामजी बराल जीवनले धादिङ-पोखरा समन्वय समिति पाटीको एक भातृ संस्था भएकाले सबै प्रकारको सहयोग गरेर सरी अघि बढाउने प्रतिबद्धता जनाए । उनले समितिद्वारा प्रकाशित क्यालेण्डर एक इतिहास भएकाले यस्ता कार्यलाई सदैव निरन्तरता दिन आग्रह गरे । अर्को प्रसाङ्गमा उनले एमाओवादी पाटी टुटफुटका कारण कमजोर जस्तो देखिएपनि आगामी दिनमा सशक्त भएर अघि बढ्ने दावी गरे ।

समितिका कार्यवाहक अध्यक्ष रेशम सिंखडाको अध्यक्षतामा भएको कार्यक्रममा सल्लाहकार रामकृष्ण दवाडी, हरि अर्याल, ट्रेड युनियन महासंघ कास्कीका सचिव गुणराज बर्न्सोला, समितिका सचिव ईश्वरकुमार श्रेष्ठ, सदस्य एवं क्यालेण्डर प्रकाशन समितिका संयोजक कृष्ण प्रसाद धरेल, सदस्य बलराम लम्साल लगायतले आ-आफ्नो भनाइ राखेका थिए ।

समितिद्वारा प्रकाशित क्यालेण्डरमा युवराज खतिवडा, रमेश कोइराला, राजकुमार श्रेष्ठ, चन्द्रबहादुर थापा, बाबुकाजी तुलाधर, भिम रेग्मी, राजेन्द्र लोहनी, मोहन थापा मगर, युगमराज अवस्थी, रेशम सडौला, दिलबहादुर अधिकारी, रामकृष्ण श्रेष्ठ, निरज खतिवडा, राजन श्रेष्ठ, रननारायण श्रेष्ठ, सुमन श्रेष्ठ, रामहरि भट्ट, रामनाथ शाक्य, गणेश बसीला, नवराज पाण्डे, बद्री बसीला र कुंशर श्रेष्ठको सहयोग रहेको छ ।

शुभसौगात सहकारीको क्यालेण्डर विमोचन

पोखरा २७ चैत्र ।(गोल्डेन)

शुभसौगात बचत तथा ऋण सहकारी संस्था लि. शनिवार पोखरा-१८ ले नयां वर्ष २०७३ को शुभकामना तथा क्यालेण्डर विमोचन कार्यक्रम सम्पन्न गरेको छ । कार्यक्रममेउद्घाटन गर्दै जिल्ला सहकारी कास्कीका अध्यक्ष भीम गुरुङले सहकारी भनेको सहकार्यको भावनाले अगाडि बढ्ने संस्था भाएको बताए । कार्यक्रममा करिब इकाई कार्यवाहक सभापति विष्णु पोखरेल, एमाओवादी इकाई १८ का अध्यक्ष खड्क वि.क., राप्रपाका इकाई अध्यक्ष लालबहादुर गुरुङ, राप्रपा नेपाल इकाई उपाध्यक्ष मिलन के.सी., टोल समन्वय समिति १८ का अध्यक्ष तोरण खड्का, महिला समन्वय समितिकी अध्यक्ष इन्द्रमाया बानियाँ, मन्दिर संरक्षण समन्वय समिति का अध्यक्ष बासुदेव बानियाँ, सहकारीका सल्लाहकार नारायणप्रसाद भण्डारी, रामचन्द्र सुवेदी, समाजसेवी स्थानेश्वर पोखरेल, नवप्रतिभा समुदायिक प्रतिष्ठानका अध्यक्ष महेन्द्र आचार्य, मनोहर युवा क्लबका अध्यक्ष रामजी जि.सी., नागरिक मञ्च इकाई १८ का सहसंयोजक ईश्वरी गुरुङ लगायतले बोलेका थिए । संस्थाका अध्यक्ष ललित बहादुर बानियाँको अध्यक्षतामा भएको कार्यक्रममा, स्वागत मन्तव्य टोल समन्वय समितिका अध्यक्ष एवं सहकारीका उपाध्यक्ष तोरण खड्काले र सञ्चालन संस्थाका सचिव तिलक लम्सालले गरेका थिए ।

पाचौं मनकामना केबलकार पोखरा कप अन्तर्राष्ट्रिय फुटबल प्रतियोगिता-२०७२
अब ३ दिन बाँकी
आयोजक
कास्की जिल्ला फुटबल संघ

Vacancy Announcement

Global collegiate Higher Secondary School, Ranipauwa, Pokhara is looking for the following post for its immediate fulfilment.

S.N.	Post	Qualification
1.	Secondary level Teacher	M.A./M.Ed.
2.	L.Sec.Level English Teacher	B.A./B.Ed.
३.	स्कुल बस ड्राइभर	कम्तिमा ३ वर्षको अनुभवी

Interested candidates are requested to apply by 1 PM of 30th Chaitra 2072 for further detail, please contact school office.

Principal
Global collegiate Higher Secondary School
Ranipauwa, Pokhara,Ph: 061-524604, 527813

के तपाईंमा यौनसम्बन्धी समस्या छ ?

पुरुषमा देखिने : शीघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चाहना नहुने, उत्तेजना नहुने, पुरुष दौडाइ चिलाउने, सस्वा यौन रोग, स्वप्नदोष ।

महिलाहरूमा देखिने : स्तन सानो मिलो हुने, सेतो पानी बग्ने, महिलाको यौनाङ्ग चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, यौन सन्तुष्टिमा कमी हुने, महिनावारीमा गढबढी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डिफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरू, दुबी, सेतो दुबीका साथै अन्य घमंरोमहरू ।

महिला वा पुरुषमा हुने (ल्यूकोरिया) सि.सन्तानको सफल उपचार

मलद्वार सम्बन्धी रोग : पाथल्ल, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिशा बस्दा गाह्रो हुने, मलद्वार इ.ले, पोल्ने, दिशासंग रगत बग्ने आदि समस्याको सफल उपचार ।

बिरामी जाँच्ने समय : बिहान ८:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि.
नयाँबजार, पोखरा (पुरानो कर कार्यालय नजिक) मागदर्शन एकेडेमीको ठीक अगाडि
फोन: ०६१-५३९५९८, ९८६०४११३१, ९८०४७०२५३१
नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला ।

"सुन्दर ठाउँ हेमजा जाऔं, आलुका स्वादिष्ट परिकार खाऔं।"
'आलु एक, परिकार अनेक'

सातौं हेमजा आलु महोत्सव

कृषि, पर्यटन तथा व्यापार मेला - २०७२
चैत्र २३ देखि ३० गतेसम्म, स्थान: श्री विष्णु पादुका खेल मैदान

महोत्सवका आकर्षणहरू
- आलु तथा ताजा तरकारीहरूको वृहत प्रदर्शनी
- आलुको ठूलो पहाड निर्माण
- बाल उद्यान, च्याउ प्रदर्शनी
- विविध सांस्कृतिक तथा हाँस्य कलाकारहरूको बेजोड प्रस्तुति
- जापानीज सुन्तलाको प्रदर्शनी
- सेती नदीमा र्‍याफ्टिङ्ग तथा जीपलाइन फ्लाइर र बन्जी जम्प (टिकट उपलब्ध गराइने)
- प्याराग्लाइडिङ्ग (टिकट उपलब्ध गराइने)
- महिलाहरुको कृषि गीत प्रतियोगिता

सातौं हेमजा आलु महोत्सव २०७२ मूल आयोजक समिति

सुनौलो पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित गोल्डेन न्यूज राष्ट्रिय दैनिकका लागि अध्यक्ष/ प्रधान सम्पादक मंगलधर पराजुली, निर्देशक हरिमणि बराल, संस्थापक सम्पादक रीता गुरुङ
कार्यालय : चिप्लेढुंगा (सुनौलो भवन), पोखरा, फोन:०६१-५३९,५४५, फ्याक्स : ५६२२२२, Email : goldennewspkr@gmail.com, Website: www.goldennews.com.np, मुद्रण गोल्डेन अफसेट प्रेस, चिप्लेढुंगा, पोखरा